# चुरे गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि,२०८१

मिति:२०८१।०१।२१ गतेको गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत

प्रस्तावना: यस चुरे गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको उपयुक्त व्यवस्थापन गरी पठनपाठनलाई थप प्रभावकारी तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज), चुरे गाउँपालिकाको गाउँ शिक्षा ऐन २०७९ को दफा ६३ ले दिएको अधिकार बमोजिम यो ' **चुरे गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि,२०८१**' स्वीकृत गरी लागु गरेको छ।

**१. सङ्क्षिप्त नाम,प्रारम्भ र प्रयोग:**

(क) कार्यविधिको नाम "**चुरे गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि,२०८१**" रहेको छ।

(ख) यो कार्यविधि चुरे गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु तथा वालविकास केन्द्रहरुमा सबै प्रकारका शिक्षकहरुलाई कामकाजमा खटाइ शिक्षक व्यवस्थापन गर्ने प्रयोजनमा लागू हुनेछ।

(ग) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

(घ) यो कार्यविधि यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी,वालविकास सहजकर्ता, प्राथमिक तहदेखि माध्यमिक तहसम्मका स्वीकृत दरवन्दी ,स्थायी,करार,राहत,अनुदान कोटामा कार्यरत,शिक्षण सहयोग अनुदान कोटामा कार्यरत र गाउँपालिका शिक्षकको रुपमा कार्यरत शिक्षकहरुलाई कामकाजमा खटाइ शिक्षक व्यवस्थापनका लागि प्रयोग हुनेछ।

**२. परिभाषा**

(क) 'ऐन' भन्नाले चुरे गाउँपालिका शिक्षा ऐन,२०७९ सम्झनुपर्छ।

(ख) ' शिक्षा शाखा ' भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ग) ' कार्यविधि' भन्नाले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन तथा कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८१ सम्झनुपर्छ।

(घ) ' कामकाज' भन्नाले कार्यपालिकाको निर्णयानुसार शिक्षा,युवा तथा खेलकुद शाखाले गरेको वा शिक्षा समितिले गरेको शिक्षक तथा विद्यालय कर्मचारीहरुको काज सरुवा लाई सम्झनुपर्छ।

**३. शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापनका लागि कामकाजमा खटाउने आधारहरु:**

(१) गाउँपालिका क्षेत्रभित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह र विषय मिल्ने भएमा मात्र गाउँशिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार अर्को विद्यालयमा शिक्षक तथा कर्मचारीलाई समयावधी तोकेर वा नतोकेर कामकाजमा खटाउन सकिनेछ। प्राथमिक तहको हकमा कुनै विद्यालयमा दरवन्दी रिक्त भएमा वा दरवन्दी थप्नुपर्ने भएमा गाउँशिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार कुनै पनि विद्यालयको शिक्षकलाई रिक्त दरवन्दी वा दरवन्दी सहित शिक्षा शाखाले सरुवा गर्न सक्नेछ।

(२) तोकिएको जिम्मेवारी तोकिएको समय पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समिति वा प्रधानाध्यापकले सिफारिस गर्नु पर्नेछ।

(३) एउटा विद्यालयमा आवश्यक्ता भन्दा बढी एकै विषयका शिक्षक र दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले दरवन्दी कम भएको विद्यालयमा दरवन्दी सहित वा काज सरुवा गर्न सक्नेछ।

(४) यस कार्यविधिको दफा १० को उपदफा (१) को घ देखि ट सम्मका कारणबाट कुनै शिक्षक वा कर्मचारीलाई सो विद्यालयमा राखी रहँदा विद्यालयको शैक्षिक वातावरणमा खलल परेको वा खलल पर्न सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार शिक्षकलाई अर्को विद्यालयमा खटाउन सकिने छ।

(५) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा पनि कामकाजमा खटाई शिक्षक व्यवस्थापन गर्न सक्नेछ।

(६) विद्यालय समायोजन,तह वा कक्षा घटुवा भई उक्त विद्यालयमा कार्यरत शिक्षक,कर्मचारी अन्यत्र व्यवस्थापन गर्नु परेमा, दरवन्दी आवश्यकता भएको अन्य विद्यालयमा दरवन्दी सहित सरुवा गरिने छ

(७) १५ दिन भन्दा बढी बिदा नलिई विद्यालयमा अनुपस्थित रहेको र पटक पटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनी विद्यालय व्यवस्थापन समितिबाट लेखीइ आएमा यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ।

(८) सरुवा वा शिक्षक कर्मचारी व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा कामकाजमा खटाई व्यवस्थापन गर्न प्राथमिकता दिईने छ

(९) शिक्षकको माग अनुसार कामकाजमा खटाउदा एउटै विद्यालयमा धेरै शिक्षकको माग दावी रहेमा लामो अवधी सम्म एकै विद्यालयमा बसेका र सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमती भएका शिक्षकलाई पहिलो प्राथमिकता दिईनेछ।

(१०) १. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका भित्रका विद्यालयहरुमा ५ वर्ष भन्दा बढी समय एउटै विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई देहाएको अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार कामकाजमा खटाई शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न सकिने छ।

क) तह,विषय र दरवन्दी मिल्नुका साथै विद्यालयको शैक्षिक अवस्था सुधारका लागि कार्य क्षमता राम्रो भई अर्को विद्यालयमा कामकाज गर्न खटाउदा खटाईएको विद्यालयको शैक्षिक अवस्था सुधार हुने देखिएमा।

ख) कनै विद्यालयमा दरवन्दी रिक्त हुदा तत्काल पदपुर्ती हुने अवस्था नदेखिएमा विद्यालयमा कार्यरत शिक्षकको अवस्था आँकलन गरी रिक्त दरवन्दी भएको विद्यालयमा अर्को व्यवस्था नहुदा सम्म गाउँ शिक्षा समितिले कामकाजमा खटाउन मुनासिब देखिएमा

ग) मिल्दो विषयमा एउटै विद्यालयमा कम्तिमा पाँच वर्ष भन्दा बढी समय देखि अध्यापन गर्दै आएका शिक्षकहरुविच परस्पर कामकाजमा खटाउदा शैक्षिक अवस्था सुधार हुने देखिएमा वा पाँच वर्ष एउटै विद्यालयमा कार्यरत शिक्षकहरुलाई गाउँ शिक्षा समितिको सिफारिसमा गउँ कार्यपालिकाले शैक्षिक अवस्था सुधारको लागि माध्यमिक तह र निम्न माध्यमिक तहको विषयगत शिक्षक वा विद्यालयका

पुरै तहगत शिक्षकलाई वा प्राथमिक तहको पुरै शिक्षक वा केही शिक्षकहरुलाई कामकाजमा खटाई शैक्षिक सुधार गर्न सक्नेछ ।

घ) समयमा विद्यालयमा उपस्थित नभएमा

ङ) विना जानकारी पटक पटक बिदामा बसेमा

च) विद्यालयको सुचना अनाधिकृत रुपमा बाहिर दिएमा

छ) शिक्षा युवा तथा खेलकुद शाखा र प्रधानाध्यापकद्वारा तोकिएको जिम्मवारी पालना नगरेमा

ज) विद्यालयको काम र जिम्मेवारीलाई प्राथमिकता नदिई समयमै काम सम्पन्न नगरेमा

झ) समाजमा विभाजन ल्याउने गरी राजनीतिमा सक्रिय रहेमा , निर्वाचनमा राजनैतिक दलको चुनावी प्रचार प्रसारमा भाग लिएमा वा संलग्न रहेमा

ञ) कार्य सम्पादन सम्झौता बमोजिम कार्य नगरेमा

ट) पठनपाठन गर्ने विषयको नतिजा सन्तोषजनक नभएमा पटक पटक सुधार गर्ने मौका दिदा समेत सुधार गर्न नसकेमा ।

ठ) स्थायी नियुक्ति भएको १ वर्ष नपुगेको शिक्षक,अनिवार्य अवकाश हुन १ वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षक वा कर्मचारी लाई निजको इच्छाविपरित एक विद्यालयबाट अर्को विद्यालयमा कामकाजमा खटाईने छैन । तर प्रशासनिक नेतृत्व गर्ने उद्देश्यले सेवा अवधी एक बर्ष भन्दा कम भएको शिक्षकलाई अन्य विद्यालयमा सरुवा गर्न बाधा पर्ने छैन ।

ड) प्रारम्भिक वालविकास शिक्षकको हकमा वालविकास विद्यार्थी कम भएका,शैक्षिक योग्यता र माथिल्लो कक्षामा पठनपाठन गर्न सक्ने क्षमता भएका शिक्षकहरुलाई शिक्षक दरवन्दी कम भएका विद्यालयहरुमा व्यवस्थापन गर्न सकिने छ ।

**४) कामकाजमा खटाउने प्रक्रिया**: क) शिक्षक व्यवस्थापन अन्तर्गत अर्को विद्यालयमा दफा १० (१) बमोजिमको अवस्थानुसार कामकाज गर्न खटाउनको लागि शिक्षा शाखाले आवश्यकतानुसार सरोकारवाला सँग छलफल गरी शिक्षा समितमा कामकाज गर्न वा सरुवा गर्ने शिक्षकको विवरण पेस गर्नु पर्नेछ ।

ख) यस कार्यविधिमा भएको प्रकृया पुरा भइ पेस हुने शिक्षक सरुवा विवरण गाउँ शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेस गरिनेछ । शिक्षक व्यवस्थापन अन्तर्गत कामकाजमा खटाउने वा नखटाउने अन्तिम अधिकार गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकामा निहित रहनेछ।

ग) कामकाजमा खटिने शिक्षकहरुको सम्पूर्ण अधिकार खटिएको विद्यालयमा नै रहनेछ । गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले विद्यालयको शैक्षिक व्यवस्थापनको प्रभावकारिता हेरी सोही विद्यालयमा पदस्थापन गर्न सक्ने छ।

घ) कार्यपालिकाको निर्णयानुसार कामकाज वा सरुवा गरिएको शिक्षकले कामकाजमा खटाईएको वा सरुवा भएको मितिले बढीमा १५ दिन भित्र साविकको वद्यालयबाट रमाना लिई खटाईएको विद्यालयमा हाजिर भई सक्नु पर्ने तथा उक्त कार्यका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक समेत जवाफ देही हुनु पर्नेछ।

ङ) दफा ४ को घ बमोजिमको कार्य नगरेमा रमना नदिने प्रधानाध्यापक तथा रमना लिई खटाईएको विद्यालयमा हाजिर नहुने शिक्षकलाई कार्यपालिकाको निर्णय अनुसार कानुन बमोजिम कार्वाही हुनेछ।

**५. बाझिएमा हुने:**

यो कार्यविधी प्रचलित कानुन सँग बाझिएमा बाझिए हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

**६. व्याख्या:**

यो कार्यविधिको प्रयोगमा द्विविधा उत्पन्न भएमा चुरे गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

**७. विविध:** विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्य यस कार्यविधिमा भएको व्यवस्थानुसार यसं कार्यविधि अनुसार हुनेछ तथा यस कार्यविधिमा नभएको अवस्थामा प्रचलित ऐन,नियम अनुसार हुनेछ।